आर्थिक नीति संवाद

“डिजिटल अर्थतन्त्र र वित्तीय नवप्रवर्तनः नेपालमा वित्तीय नीति तथा मौद्रिक नीतिमा प्रभाव”

(Digital Economy and Financial Innovation: Implications for Fiscal and Monetary Policies in Nepal)

संक्षिप्त प्रतिवेदन

आयोजक

आर्थिक नीति बिश्लेषण महाशाखा

अर्थ मन्त्रालय

मितिः २०८२/८/१५

घोषणाः यस प्रतिवेदनमा उल्लिखित विषय तथा सुझावहरु सम्बन्धित विषयविज्ञ तथा टिप्पणीकर्ताका नीजि विचारमा आधारित रहेका छन्।

“डिजिटल अर्थतन्त्र र वित्तीय नवप्रवर्तन: नेपालमा वित्तीय नीतिमा प्रभाव”

(Digital Economy and Financial Innovation: Implications for Fiscal Policy in Nepal)

संक्षिप्त प्रतिवेदन

संवादको मुख्य उद्देश्य:

डिजिटल अर्थतन्त्र र वित्तीय नवप्रवर्तनले नेपालको वित्तीय नीति (Fiscal Policy) मा पारेको प्रभावको विश्लेषण गरी नीतिगत सुझाव तथा रणनीति तयार गर्न सरोकारवालाहरूसँग रचनात्मक छलफल गर्ने।

प्रथम सत्र: “डिजिटल अर्थतन्त्र र वित्तीय नवप्रवर्तन: नेपालमा वित्तीय नीतिमा प्रभाव” (Digital Economy and Financial Innovation: Implications for Fiscal Policy in Nepal)

कार्यपत्र प्रस्तुतकर्ता: मधु कुमार मरासिनी, पूर्व अर्थसचिव

क.प्रस्तुतीकर्ताबाट प्रस्तुत भएका प्रमुख विषयहरू तथा अन्तर्क्रिया

१. मुख्य सन्देश

नेपालको अर्थतन्त्रलाई थप गतिशिल बनाउन र संरचनात्मक रूपान्तरण गर्न डिजिटल अर्थतन्त्र सबैभन्दा ठूलो अवसर हो। डिजिटल अर्थतन्त्र चौथो औद्योगिक क्रान्तिको उपज हो । यसले “क्रियटिभ डिस्ट्रक्सन” मार्फत नयाँ र उत्पादनशील संरचना सिर्जना गर्छ। नेपालले यस अवसरलाई उपयोग गरी युवा पलायन रोक्न, रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न र निर्यातमुखी अर्थतन्त्र निर्माण गर्न सक्नेछ।

२. नेपालको डिजिटल अर्थतन्त्रको वर्तमान अवस्था (२०२२—२०२५)

- इन्टरनेट पहुँच: ६९.२% → १६औं योजनाको अन्त्यसम्म ९०%
- आईटी सेवा निर्यात: २०२० मा ३०८ मिलियन डलर → २०२२ मा ५१५ मिलियन डलर (६४% वृद्धि)
- विदेशी मुद्रा सञ्चितिमा योगदान: २०२२ मा ५.५%

- जीडीपीमा योगदान: १.९% (२०८०/८१) → २.१% लक्ष्य (२०८५/८६) (विश्व औसत १५%)
- मोबाइल बैंकिङ प्रयोगकर्ता: १.७ करोड → २.६ करोड (३ वर्षमा)
- डिजिटल भुक्तानीको तीव्र वृद्धि: QR, ConnectIPS, इन्टरनेट बैंकिङ, नागरिक एप, अनलाइन कर

तिर्ने आदि

- ICT मा FDI: २०८१/८२ मा मात्र ३१३ कम्पनी, ११९ मिलियन डलरको प्रतिबद्धता

३. सबल पक्ष (Strengths)

- युवा जनसंख्या (४२.५% १६—४० वर्ष), अंग्रेजी बोल्न सक्ने, कम श्रम लागत
- डिजिटल नेपाल फ्रेमवर्क २०१९, नीतिगत प्रयासहरू
- "वेटलेस र बोर्डरलेस" सेवा निर्यातमा प्रतिस्पर्धी (विश्व बैंक)
- हरित ऊर्जा प्रशस्त → डाटा सेन्टर र AI को लागि "ग्रीन डिजिटलाइजेशन" को सम्भावना

४. कमजोरी र चुनौतीहरू

- डिजिटल सीपको ठूलो कमी (१३४ देशमध्ये नेपाल १२४औं स्थान)
- ICT जनशक्ति कुल श्रमशक्तिको केवल ०.३५%
- ICT सामग्री निर्यात लगभग शून्य, आयात ४% व्यापार
- डिजिटल पूर्वाधार, डाटा सेक्युरिटी, साइबर कानुन कार्यान्वयन कमजोर
- विदेश पलायन भइरहने दक्ष जनशक्ति

५. राजस्व नीति र वित्तीय नवप्रवर्तनका लागि सुझावहरू

- डिजिटल सार्वजनिक पूर्वाधार (DPI) लाई तीव्र गतिमा विस्तार गर्ने
- निजी क्षेत्रलाई जलविद्युत क्षेत्रमा जस्तै विशेष कर छुट तथा प्रोत्साहन दिने
- RTDF सुधार, विदेशी मुद्रा भुक्तानी सहजीकरण
- STEM शिक्षा र डिजिटल साक्षरतामा ठूलो लगानी
- डिजिटल भुक्तानी, सुशासन र कर सङ्कलनमा AI र Big Data को उपयोग
- डाटा सेन्टर र AI लाई हरित ऊर्जासँग जोडेर "ग्रीन डिजिटल हब" बनाउने अवधारणा

६. आगामी बाटो (Way Forward)

- डिजिटल अर्थतन्त्रलाई "जेन—Z अर्थतन्त्र" बनाउने
- जीडीपीमा योगदान १५% (विश्व औसत) सम्म पुऱ्याउने महत्वाकांक्षा राख्ने
- रेमिट्यान्सलाई स्टार्टअप, IT कम्पनी र डिजिटल पूर्वाधारमा लगानी गर्ने संयन्त्र बनाउने
- "प्रीम्याचुअर डी—इन्डस्ट्रियलाइजेसन" जस्तै "प्रीम्याचुअर डी—डिजिटलाइजेसन" हुन नदिने

७. निष्कर्ष

नेपालसँग डिजिटल अर्थतन्त्र मार्फत "क्रियटिभ डिस्ट्रक्सन" गरी संरचनात्मक रूपान्तरण गर्ने

ऐतिहासिक अवसर छ। नीतिगत स्पष्टता, निजी क्षेत्रको प्रवर्धन, डिजिटल सीप विकास र हरित ऊर्जाको उपयोग गरेमा नेपाल दक्षिण कोरियाले १९६०—७० मा गरेको जस्तो "आर्थिक चमत्कार" दोहोर्‍याउन सक्छ।

८.अन्तरक्रिया एवं छलफलमा उठेका सवालहरु

पूर्व मुख्य सचिव डा. बैकुण्ठ अर्यालको टिप्पणी देहाय बमोजिम रहेको छ ।

- डिजिटल नेपाल फ्रेमवर्कमा सार्वजनिक क्षेत्र र निजी क्षेत्रको प्रोडक्टहरुलाई कसरी डिजिटल रुपमा जोड्न सकिन्छ भन्ने विषयमा अध्ययन गर्नुपर्ने ।
- डिजिटल अर्थतन्त्र निर्माणको लागि नीति निर्माण गरी डिजिटल पूर्वाधारको विकासमा सरकारले लगानी गर्नुपर्ने ।
- राजस्वको संरचनामा डिजिटल अर्थतन्त्रलाई समाहित गर्ने गरी परिवर्तन गर्नुपर्ने ।
- Financial Literacy को लागि कार्य गर्नुपर्ने ।
- National Digital Economy Strategy निर्माण गर्नुपर्ने ।
- Data Center मा लगानी बढाउनुपर्ने ।

नेपाल उद्योग वाणिज्य महासङ्घका महानिर्देशक श्री गोकर्ण अवस्थीको टिप्पणी देहाय बमोजिम रहेको छ ।

- व्यवसायको दर्ता ४/५ ठाऊमा दर्ता हुने परिपाटीलाई अन्त्य गरी Nagarik App मा Business Icon थपेर Digital रुपमा दर्ता गर्न सकिने । केन्या, युगाण्डा तथा कम्बोडिया जस्ता देशहरुले यसरी काम गरिरहेका छन् ।
- Data center लाई एकिकृत रुपमा विकास गर्ने ।
- ICT Mall बनाउन सकिने ।
- SMEs का लागि online कर्जा दिने व्यवस्था गर्न सकिने । त्यसको लागि NRB, MoF र कर्जा तथा सुरक्षण निगमको भुमिका स्पष्ट पार्नुपर्ने देखिन्छ ।
- सम्पूर्ण प्रणालि र कानुनलाई एकिकृत गरेर FDI का लागि बाटो खुला गर्नुपर्ने ।
- सहुलियतपूर्ण कर्जा धेरै समय रोकिएकोमा हाल सुरु भएको छ । Concessional Loan को Format अनुसार FNCCI ले Software बनाउने र बैङ्कको Website मा लिङ्क गरेर पंहुच दिन NRB ले भुमिका खेल्ने गरेर काम गर्न सकिने ।धेरै सानो SMEs हरु बैङ्कमा Loan लिन जान हिच्किचाएका हुन्छन । तसर्थ, लघुवित्त र सहकारीमा समस्या भएको समयमा यो राम्रो हुन सक्ने ।
- Trade Information Portal सुरु भएपनी राम्रोसँग सञ्चालन हुन नसकेकोले PPP Model मा कसरी सञ्चालन गर्न सकिन्छ? त्यसका लागि सहकार्यका लागि FNCCI तयार रहेको ।

- Certificate of Origin लाई Online System बाट हुने व्यवस्था गर्नुपर्ने ।

महालेखा नियन्त्रक श्री शोभाकान्त पौडेल बाट व्यक्त सुझावहरू:

- हामि Broadband Service लाई स्तरोन्नती र Frequency Service मा जानुपर्छ । Regulatory System मा सुधारको खाँचो छ । टेलिकम २ वटा भएकोमा थप १ स्थापना गरेर सामाजिक जीवनका Product हरुलाई भारतमा Reliance ले जस्तै जोड्न सकिने ।
- म नै भुक्तानी बोर्डमा छु तर यहिले Esewa ले भुक्तानी दिइरहेको छ तर त्यहाँको Vendor लाई १.५ % सिधै Charge लगाएको छ । यस्तो अवस्थामा अव नयाँ Vendor आउन सक्छ/ सक्दैन ? वर्तमानको Regulation System ले Digital Economy बढाउन मद्धत गरेको छ/छैन भन्ने विषयमा बिश्लेषण हुन जरुरी छ ।
- Global Ecommerce मा नेपाल प्रवेश गर्ने विषयमा छलफल जरुरी छ ।
- Fintech लाई Digital Payment संग मात्र नहेरी यसको विकास र नियमन निकायबाट Policy निर्माण हुनुपर्ने ।
- Crypto Currency मा नेपालको Policy बनाउन जरुरी छ ।

माननीय अर्थमन्त्री श्री रामेश्वरप्रसाद खनालबाट व्यक्त मन्तव्य:

- नेपालको अर्थतन्त्रको आकार वृद्धि गर्न Digital Economy लाई विस्तार गर्न सकिने विषय उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगमा काम गर्दा सुझावको रुपमा प्राप्त भएको । वित्तीय नीतिबाट Digital Economy लाई विस्तार गर्न सकिन्छ । यसका Short term cost भएतापनी यसबाट Long term benefit लिन सकिन्छ । दिर्घकालमा पर्यावरणिय/वातावरणिय हिसावले Clean energy को स्रोतहरु पनि प्रयोग गर्न सकिने । Energy आफैमा Export Item होईन, नेपालले यसलाई ICT मा प्रयोग गरेर Intermediary goods को रुपमा नेपालभित्र खपत गर्न सक्छौ । ऊर्जा नै आयात गरेग धनि हुन सकिन्छ भन्ने आधारवाट मुक्त हुन Manufacturing भन्दा यस क्षेत्रमा Advantage रहेको छ । IT enable services मा नेपाललाई फाइदा रहेको हुनाले यस क्षेत्रको विकास गर्न मुलुक भित्र बाहिर Interactive रुपमा लाग्नुपर्ने । यस्ता नीति संवादले निती तर्जुमा सहयोग गर्नेछ ।

सार:

यो नीति संवादले डिजिटल अर्थतन्त्रको तीव्र विकाससँगै देखापरेका अवसर र चुनौतीहरूलाई सम्बोधन गर्दै नेपालको राजस्व तथा मौद्रिक नीतिलाई समयसापेक्ष तथा प्रभावकारी बनाउन

महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ। कार्यक्रममा उच्चपदस्थ सरकारी अधिकारी, पूर्वसचिवहरू, नेपाल राष्ट्र बैंकका पदाधिकारी, निजी क्षेत्रका प्रतिनिधि र विज्ञहरूको उल्लेख्य सहभागिता रहने भएकोले नीतिगत बहस थप समृद्ध हुने विश्वास लिइएको छ।

ख. नीति सुझाव तथा आगामी योजना

१.नीति सुझाव तथा रणनीतिहरू

नीति संवादमा आएका सुझावहरू र समीक्षाका आधारमा अर्थ मन्त्रालयले तपसिल बमोजिमका पहलहरू अगाडि बढाउन सक्नेछ ।

- **डिजिटल पूर्वाधारको द्रुत विकासः** नेपाल सरकारले डिजिटल नेपाल फ्रेमवर्क र अन्य योजना अन्तर्गत प्रयाप्त बजेट विनियोजन गरी ब्रॉडब्यान्ड, 4G/5G प्रसारण, डाटा सेन्टर तथा ई–सर्भिस प्लेटफर्महरू बढ़ाउनु पर्ने आवश्यकता छ। ग्रामीण–सिमान्त क्षेत्रमा समेत गुणस्तरीय इन्टरनेट पहुँच पुऱ्याएर सर्वसाधारण र व्यवसायी दुबैलाई लाभान्वित हुने गरी लक्ष्य तय गरिनुपर्छ। नागरिक एपस् जस्ता एकीकृत डिजिटल प्लेटफर्ममार्फत व्यवसाय दर्ता, कर भुक्तानी र सरकारी अनुमतिपत्र प्रक्रियाहरू सहज बनाउनु पर्नेछ।
- **कर र प्रोत्साहन संरचनामा सुधारः** IT सेक्टर र स्टार्टअपहरूलाई विशेष कर छुट, भन्सार छूट र अनुदान दिने नीति ल्याउनुपर्ने सुझाव आएको छ। नवप्रवर्तनशील फर्मका लागि आरटीडीएफ (रेमिट्यान्स ट्रान्सफर डेभलपमेन्ट फन्ड) सुधार गरी प्राविधिक सहयोग उपलब्ध गराउने, विदेशी मुद्रा भुक्तानी सहज गरिने व्यवस्था गर्नु पर्दछ।
- **शिक्षा तथा सीप विकासमा लगानीः** डिजिटल अर्थतन्त्रको स्थायित्वका लागि नवप्रवर्तनशीलतामा दक्ष जनशक्ति अनिवार्य छ। यसका लागि प्राथमिक तहदेखि उच्च शिक्षासम्म STEM (विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित) सम्बन्धी विषयहरूको पहुँच र गुणस्तरमा बृद्धि गर्नुपर्नेछ। वित्तीय साक्षरतामा पनि जोड दिँदै आम नागरिक र व्यवसायीहरूलाई डिजिटल वित्तीय सेवा (मोबाइल बैंकिङ र अनलाइन भुक्तानी) प्रयोग गर्न उत्प्रेरित गर्नुपर्दछ।
- **नियामक एकिकरण र सुधारः** सम्पूर्ण मौज्दात प्रावधान र कानुनहरूलाई एकीकृत गरी नयाँ Digital-Friendly Framework तयार गर्नुपर्दछ। फिनटेक, क्रिप्टोकरेन्सी र ग्लोबल ई–कमर्स लगायतका विषयहरूमा नीति–नियमन निर्माण गर्नुपर्नेछ। ट्रेड इनफर्मेशन पोर्टल, Certificate of Origin जस्ता सेवा PPP मोडेलमा सुरक्षित रूपमा सञ्चालन गर्ने

विषयलाई प्राथमिकता दिनु उपयुक्त हुनेछ। साथै, डिजिटल व्यापारीकरण र भुक्तानी प्रणालीमा लागु भइरहेका शुल्कले नया प्रतिस्पर्धीलाई प्रवेश गर्न नदिने विषयमा पनि नियामक समीक्षा गर्न जरुरी छ।

- **हरित डिजिटल हब र ऊर्जा उपभोग रणनीतिः** नेपालमा रहेको प्रशस्त हरित ऊर्जालाई ICT सेवा र AI कम्प्युटिङमा प्रयोग गरी विद्युतीय ऊर्जा निर्यातलाई प्रतिस्थापन गरी उर्जामा आधारित सेवा सिर्जना गर्ने उपायहरू अपनाउन सकिन्छ। यस्ता ऊर्जा-कुशल प्रविधि केन्द्रहरूलाई कर छुट दिएर "हरित डिजिटल हब" को अवधारणामा अघि बढ्नु लाभदायी हुनेछ।

- **वित्तीय नवप्रवर्तन प्रवर्द्धनः** Online ऋण सुविधा, Concessional Loan योजना, रेमिट्यान्स फण्ड आदि मार्फत साना तथा मध्यम उद्यमीहरूलाई सजिलो वित्तीय पहुँच दिनु आवश्यक छ। कर्जा तथा प्रविधि निकायहरू बीच अन्तर्सम्बन्ध सुदृढ गरी स्मार्ट कर्जा प्रणाली सञ्चालन गर्नुपर्दछ। नागरिकहरूबीच वित्तीय शिक्षा प्रवर्द्धन गरी डिजिटल मुद्रा र सेवाहरूको प्रयोग बढाउनु पर्नेछ।

२. आगामी योजना र अपेक्षित प्रतिफल

- **वृहत्तर आर्थिक आधारः** डिजिटल अर्थतन्त्रको विकासले व्यवसाय, प्रविधि र सेवामुखी उद्योगमा विविधता थपेर राष्ट्रिय उत्पादन (GDP) मा डिजिटल सेवाहरूको हिस्सा वर्तमान २-३% बाट विश्व औसत झैं १५% सम्म पुऱ्याउन मद्दत गर्नेछ। यसले विदेशी मुद्रा आर्जन गर्ने क्षेत्रको व्यवस्थित विकास गर्नेछ।

- **रेमिट्यान्सको Re-Investment:** नयाँ आर्थिक मोडलले रेमिट्यान्सलाई डिजिटल पूर्वाधार र स्टार्टअपहरूमा लगानी गर्ने प्रेरणा सिर्जना गर्नेछ। यसबाट ग्रामीण विकास र रोजगार वृद्धि समेत सम्भव हुन्छ।

- **उच्च-गुणस्तरको सेवा निर्यातः** युवा उद्यमी र IT सीप भएका जनशक्ति विदेशिनुको सट्टा नेपालभित्र रोजगार सिर्जना हुँदा अन्तर्राष्ट्रिय ICT बजारमा नेपालको साख बलियो बनेर सेवा निर्यात अझ वृद्दि हुनेछ।

- **सशक्त राजस्व प्रणालीः** डिजिटल कारोबार र नवप्रवर्तनशील सेवाहरूमा आधारित कर र राजश्व संरचना लागू भएमा पारदर्शिता र कराधार दुवै बढ्नेछन्। डिजिटल भुक्तानी र प्रणालीहरूबाट कर संकलन हुँदा चुहावट घट्ने र ठूला करदाताहरु बढ्ने छन्।

ग. निष्कर्षः

डिजिटल अर्थतन्त्रमा रुपान्तरण नेपालको लागि ऐतिहासिक अवसर हो। यही क्षमतामा केन्द्रित नीति तर्जुमाले रोजगारी सृजना गर्न, अर्थतन्त्रलाई दिगो र समावेशी बनाउन र सेवामूलक निर्यातमा सहयोग गर्नेछ। आगामी योजनामा डिजिटल पूर्वाधारमा लगानी विस्तार गरी बजारमैत्री वातावरण सिर्जना गर्नुपर्नेछ।

स्वच्छ ऊर्जा र डिजिटल प्रविधिको संयोजन मार्फत नेपालले यही अवसरमा दिगो विकासका लागि मार्ग प्रशस्त गर्नसक्छ। अर्थ मन्त्रालयले आगामी आर्थिक नीति तथा बजेटमा डिजिटल अर्थतन्त्र र वित्तीय नवप्रवर्तनलाई आत्मसात गर्ने प्रमुख प्राथमिकता बनाउनु उपयुक्त देखिन्छ। यस क्षेत्रको समसामयिक सुधारले नेपालको "डिजिटल समृद्धि" को सम्भावना अभिवृद्धि गर्ने विश्वास गरिएको छ।

“डिजिटल अर्थतन्त्र तथा वित्तीय नवप्रवर्तनः नेपालको मौद्रिक नीतिमा प्रभाव”

(Digital Economy and Financial Innovation: Implications for Monetary Policy in Nepal)

संक्षिप्त प्रतिवेदन

संवादको मुख्य उद्देश्यः

डिजिटल अर्थतन्त्र र वित्तीय नवप्रवर्तनले नेपालको मौद्रिक नीति (Monetary Policy) मा पारेको प्रभावको विश्लेषण गरी नीतिगत सुझाव तथा रणनीति तयार गर्न सरोकारवालाहरूसँग रचनात्मक छलफल गर्ने।

दोस्रो सत्रः “डिजिटल अर्थतन्त्र र वित्तीय नवप्रवर्तनः नेपालमा मौद्रिक नीतिमा प्रभाव” (Digital Economy and Financial Innovation: Implications for Monetary Policy in Nepal)

कार्यपत्र प्रस्तुतकर्ता डा. रामशरण खरेल, कार्यकारी निर्देशक,नेपाल राष्ट्र बैंक

क.प्रस्तुतीकर्ताबाट प्रस्तुत भएका प्रमुख विषयहरू तथा अन्तर्क्रिया

१. मुख्य सन्देश

यस प्रस्तुतीले नेपालमा डिजिटल भुक्तानी, फिनटेक, CBDC, क्रिप्टो र AI को तीव्र विकासले मौद्रिक नीति सञ्चालनमा पारिरहेको गम्भीर प्रभाव र आगामी कार्यदिशा स्पष्ट पार्नेछ।

२. नेपालमा डिजिटल भुक्तानीको छोटो यात्रा

- २००० को दशक : इन्टरनेट बैंकिङ, ATM, डेबिट कार्ड
- २०६५ : NCHL स्थापना
- २०६६ : eSewa सुरु
- २०७४ : Khalti सुरु
- २०७६ : Payment and Settlement Act, २०१९ र RTGS सञ्चालन
- २०७६ : Digital Nepal Framework, २०१९
- हाल : NepalQR, connectIPS, मोबाइल वालेटको व्यापक प्रयोग
- वर्तमान अवस्था : CBDC अनुसन्धान चरणमा, Neo Bank को मस्यौदा निर्देशिका, AI गाइडलाइन तयारी, NIPS तयारी

३. मौद्रिक नीतिमा पर्ने मुख्य प्रभाव • मुद्रा वेग (velocity of money) तीव्र र अस्थिर → M2 र अतिरिक्त तरलता अब भरपर्दो संकेतक रहेनन् • बैंक lending channel कमजोर → फिनटेक र गैर-बैंकले वैकल्पिक डेटाबाट कर्जा दिइरहेका छन् • डिजिटल डलराइजेसनको जोखिम → USD-stablecoin र stablecoin बाट नेपाली रुपैयाँको माग घट्न सक्छ • ब्याजदर प्रसारण र अपेक्षा प्रसारण दुवै परिवर्तन भइरहेको • परम्परागत मौद्रिक समुच्चयमा आधारित नीति अब जोखिमपूर्ण
४. अवसरहरू • नगदको खर्च (छपाइ, सुरक्षा, ढुवानी, कर्मचारी) मा ठूलो कटौती • अनौपचारिक अर्थतन्त्र घट्ने, कर राजस्व बढ्ने • वित्तीय समावेशीकरणमा ठूलो फड्को • AI र बिग डेटाबाट नीति-निर्माणमा उच्च गुणस्तर **५. चुनौती तथा जोखिम** • ग्रामीण क्षेत्रमा इन्टरनेट र डिजिटल साक्षरताको कमी • साइबर सुरक्षा र विदेशी प्लाटफर्ममा निर्भरता • बैंक शाखा र रोजगारीमा कमीको सम्भावना • नियामकीय अर्बिट्राज र छायाँ बैंकिङको जोखिम
६. नेपाल राष्ट्र बैंकको आगामी रोडम्याप (मुख्य बुँदाहरू) • CBDC र क्रिप्टो/स्टेबलकोइनमा स्पष्ट नीतिगत अडान लिने • नियामकीय स्यान्डबक्स स्थापना गर्ने • NIPS, NCHL र गैर-बैंक भुक्तानी संस्थालाई साइबर सुरक्षासहित सुदृढ गर्ने • NRB Act र BAFIA संशोधन गरी CBDC लाई कानुनी आधार दिने • बिग डेटा एनालिटिक्स र केन्द्रीकृत डेटाबेस प्रणाली विकास गर्ने • IMF, BIS सँग सहकार्य गर्दै क्षमता अभिवृद्धि गर्ने • डिजिटल साक्षरता र वित्तीय पहुँच विस्तारलाई प्राथमिकता दिने

७. निष्कर्ष

नेपाल राष्ट्र बैंकले डिजिटल अर्थतन्त्रलाई “अपरिहार्य” मानेको छ र अब “प्रतिक्रियात्मक” होइन, “अग्रणी” (proactive) भएर अघि बढ्नुपर्ने निष्कर्ष निकालेको छ। परम्परागत मौद्रिक नीति प्रसारण संयन्त्र भत्किँदै गएकाले ब्याजदर-आधारित फ्रेमवर्कमा छिटो संक्रमण गर्नुपर्ने, CBDC को तयारी तीव्र पार्नुपर्ने र साइबर तथा डेटा सुरक्षा क्षमता तुरुन्त सुदृढ गर्नुपर्नेमा जोड दिइएको छ।

८. अन्तरक्रिया एवं छलफलमा उठेका सवालहरु

राष्ट्रिय योजना आयोगका पूर्व सदस्य डा. प्रकाश कुमार श्रेष्ठको टिप्पणी देहाय बमोजिम रहेको छ ।

- Fiscal Policy का उद्देश्यलाई Digital economy बाट कसरी हासिल गर्न सकिन्छ बिश्लेषण गरी रोजगारी, Equity Maintain, राजस्व जस्ता विषयमा काम गर्नुपर्ने ।
- Digital Infrastructure मा लगानी गर्नुपर्ने ।
- Inflation लाई Digital Economy ले सकारात्मक असर गर्ने देखिन्छ । डिजिटाईजेसनले Automatic रुपमा Price Stability लाई सहयोग गर्ने हुँदा Central Bank को उद्देश्य Price Stability नभएपनि हुने देखिन्छ । Alternate Finance ले Bank Lending Channel परिवर्तन गरिराखेको छ ।
- Crypto Currency ले ठूलो Theft ल्याउनेवाला छ । यसले Central बैंकलाई Challenge गरेको अवस्था छ । यसले Central Bank को आवश्यकता नै नपर्ने, Traditional Bank नचाहिने अवस्था सिर्जना गरेको छ । Monitory Policy ले गर्ने Interest rate, Money supply नै Central bank को Control मा नहुने हो कि भन्ने देखिन्छ । Central bank ले जारी गरेका मुद्रा नभएर निजी क्षेत्रले जारी गरेका मुद्रा लागु भइरहेको अवस्था छ । Crypto Currency ले आर्थिक स्थायित्वलाई जोखिम हुने/नहुने, Prevention गर्नुपर्ने भए कसरी गर्ने हेर्नुपर्ने छ ।
- Integrated Loan Application Platform विकास गरेर बैङ्क र ऋणी लाई डिजिटल रुपमा जोड्न सकिने । अन्य देशमा जस्तै Peer to Peer Lending जस्ता FINTECH बनाउनका लागि नितीगत सहजता तथा नियमनका लागि काम गर्नुपर्ने छ ।
- Credit Scoring System लाई चुस्त दुरुस्त बनाउन सके धितो बिना ऋण दिन सकिन्छ ।

त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रीय विभाग (CEDECON) का प्रमुख प्रा. डा. राम प्रसाद ज्ञवालीको टिप्पणी देहाय बमोजिम रहेको छ ।

- नेपालको भारतसँगको Exchange rate PEG हुँदासम्म नेपालको कमजोर च्यानल हुन्छ ।भारतको अर्थतन्त्रको Fundamental Structure, Level of Digitalization, Level of Crypto currency ले त्यहाको Exchange rate निर्धारण हुने हुँदा नेपालसँग सधै Limited Power रहन्छ ।तसर्थ नेपालको Currency Appreciation भईराखेकोले Rethink गर्न अध्ययन हुनुपर्ने देखिन्छ ।
- Currency Outside the Circulation को रुपमा FINTECH (Esewa, Khalti, Wallet) ले काम गरेको हुन्छ । यस्ता किसिमका FINTECH मा रकम Transfer हुँदा Narrow Money बाट Broad Money मा गईसकेको हुँदा यसको नियमन तथा सञ्चालन कसरी गर्न सकिन्छ अध्ययन गर्नुपर्ने छ ।
- डिजिटल रुपमा रकम Transfer हुँदा यसले Velocity of Money बढाउने हुँदा यसले Money Supply मा पार्ने Impact Adjust गर्नुपर्ने देखिन्छ ।
- Crypto Currency डिजिटल क्षेत्रका Innovation हुन् ।नेपालले अहिले जारी गरेका मुद्राको Back up को रुपमा डलर, सुन तथा चादि रहेका छन् । Crypto Currency मा Back up नहुने तथा यो highly Volatile रहेको हुँदा यसलाई हाललाई Wait and See गर्ने र पछि यसलाई Full Regulation का साथ यसलाई Financial Assets को रुपमा अवलम्वन गर्न सकिने नसकिने अध्ययन हुन आवश्यक छ ।यसलाई अहिले नै लागु गर्दा Crypto Currency संसार भर चल्ने तर नेपाल मुद्रा नचल्ने अवस्था आउन सक्छ ।
- Digital रुपमा अगाडि बढ्दा Bank Branches घट्ने, सबै भुक्तानीहरु online माध्यमबाट भए यसले informal economy घट्ने तथा राजस्वमा सहयोग पुग्ने छ ।नेपालले Digital infrastructure मा लगानी बढाई Financial Literacy बढाउन सके मात्र Financial Inclusion सम्भव छ ।

नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनालको सुझावः

- नेपालको अनौपचारिक अर्थतन्त्र ६० प्रतिशत भएको अवस्थामा Digitalization बाट कसरी औपचारिक अर्थतन्त्रमा कसरी जाने सन्दर्भमा एकिन हुन आवश्यक रहेको छ ।
- जेन जी को आन्दोलनमा भएको सार्वजनिक सम्पत्तिको क्षतिलाई डिजिटल रुपमा दस्तावेज गर्नुपर्ने । सबै सार्वजनिक सम्पत्तिको डिजिटल अभिलेख राखि त्यसको बीमा गर्नुपर्दछ ।
- निश्चित नियमन मापदण्डका साथ Crypto Currency लाई प्रयोग गर्न सकिन्छ ।

नेपाल सरकारका पूर्व सचिव श्री केवल भण्डारीको सुझावः

- भुक्तानी प्रक्रिया डिजिटल रुपमा गएतापनी पूर्ण रुपमा डिजिटल हुन (जस्तैः Block Chain को प्रयोग गर्न नसकेको) नसकेकोले डिजिटल नेपाल फ्रेमवर्कमा काम गरेर सम्बोधन गर्न

सकिन्छ ।

- FINTECH लाई National ID संग Link गरेरा जादा Fraud रोक्न सकिन्छ ।
- Block Chain लगायत प्रविधिमा काम गर्न सूचना प्रविधि विभागले धेरै काम गर्न जरूरी छ । Block chain मा काम गरिसकेपछि एक वटा बैंकमा KYC भरिसकेपछि अन्यत्र बुझाईराखु पर्दैन । नेपालले गुणस्तरिय Server खरिद गर्नुपर्नेछ ।
- प्रविधिमा लगानी सस्तो हुदै गएकोले तथ्याङ्कहरुलाई सुरक्षित गर्न Cloud मा राख्न सकिन्छ । I Cloud मा डाटा राख्न नेपालले server खरिद गर्नु भन्दा Microsoft सँग Contract गरेर डाटा राखे अहिले नेपालले राखेभन्दा १००० गुणा बढी सुरक्षित हुन्छ ।
- सरकारले नागरिकलाई नियन्त्रणामा राख्ने भन्दापनि नियमनलाई बढवा दिई व्यवहारिक पक्षमा सुधार गरी खुलापनलाई अबलम्बन गर्नुपर्ने छ ।

सुचना प्रविधि विभागका महानिर्देशक श्री श्रीचन्द्र शाहको भनाईः

- नेपालमा कार्यान्वयन पक्ष र डिजिटल पुर्वाधारमा लगानी कमजोर भएकोले सर्भर डाउन भईराख्ने गरेको ।
- खरिद समयमा नहुने। नेपालमै बनाउन सके लागत कम हुने ।
- डिजिटल पुर्वाधारको सञ्चालनका लागि दक्ष जनशक्ति नभएको ।
- सुचना प्रविधि विभागले २४*७ काम गर्नुपर्ने हुँदा कार्यालय समय के कति हुने निर्धारण हुनुपर्ने ।

सारः

यो नीति संवादले डिजिटल अर्थतन्त्रको तीव्र विकाससँगै देखापरेका अवसर र चुनौतीहरूलाई सम्बोधन गर्दै नेपालको राजस्व तथा मौद्रिक नीतिलाई समयसापेक्ष तथा प्रभावकारी बनाउन महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ। कार्यक्रममा उच्चपदस्थ सरकारी अधिकारी, पूर्वसचिवहरू, नेपाल राष्ट्र बैंकका पदाधिकारी, निजी क्षेत्रका प्रतिनिधि र विज्ञहरूको उल्लेख्य सहभागिता रहने भएकोले नीतिगत बहस थप समृद्ध हुने विश्वास लिइएको छ।

९. नीति सिफारिसहरू

- **CBDC र डिजिटल मुद्रा नीतिः** नेपाल राष्ट्र बैंकले केन्द्रीय बैंक–डिजिटल मुद्रा (CBDC) को सार्वजनिक उपयोगका लागि क़ानुनी आधार तयार गर्न तत्काल पहल गर्नेछ। अर्थ मन्त्रालय र सम्बद्ध निकायहरूले संगठित रूपमा कानुन संशोधन गरी वैधानिकता दिनु पर्दछ। यसैगरी स्टेबल–कोइन र क्रिप्टो सम्बन्धी स्पष्ट नीतिगत दिशानिर्देश जारी हुनुपर्ने आवश्यकता छ।

- **नियामक स्यान्डबक्स र सहकार्यः** नयाँ वित्तीय नवप्रवर्तनका लागि नियामक स्यान्डबक्स स्थापना गर्नु पर्दछ। यसले नव आविष्कारकर्तालाई जोखिममुक्त वातावरणमा योजना परीक्षण गर्न र आवश्यक नियामकीय सिकाइ गर्न सहयोग पुऱ्याउनेछ। साथै नियामक निकायहरू (अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक लगायत) बीच सहकार्य र सूचनाको सरलीकरण गरी नीति निर्माण छिटो र कार्यान्वयन प्रभावकारी बनाउनु पर्नेछ ।

- **डिजिटल पूर्वाधार र साइबर सुरक्षाः** ग्रामीण तथा सहर क्षेत्रमा गुणस्तरीय इन्टरनेट र मोबाइल नेटवर्क सञ्चालनमा जोड दिनु पर्नेछ। डाटा सेन्टरहरू र वित्तीय सर्भरहरूमा सुरक्षाका लागि आवश्यक लगानी गर्नु पर्नेछ। विद्यालय र क्याम्पस् तहदेखि नै डिजिटल साक्षरता वृद्धि गर्न लक्षित कार्यक्रमहरू अघि बढाएर कुल जनशक्तिमा प्रविधिको प्रयोग गर्ने क्षमता अभिवृद्धि गर्नु पर्नेछ ।

- **वित्तीय पहुँच र शिक्षाका उपायः** अनलाइन ऋण आवेदन प्रणाली (जस्तैः P2P Lending प्लेटफर्म) र क्रेडिट स्कोरिङ प्रणालीलाई राष्ट्रिय सञ्चार प्रणालीसँग एकीकरण गरेर ऋण–पहुँचलाई सम्भव बनाउनु पर्नेछ। बैंक तथा वित्तीय संस्थाबाट सबै वर्गका उद्यमीलाई डिजिटल माध्यमबाट कर्जा पुऱ्याऊन प्रोत्साहित गर्ने नीति अपनाउनुपर्दछ। वित्तीय साक्षरता कार्यक्रमलाई फराकिलो बनाउँदै सबै नेपालीलाई पैसाको डिजिटल व्यवस्थापनमा निपूर्ण बनाउनु पर्नेछ ।

- **फिस्कल–मौद्रिक समन्वयः** डिजिटल अर्थतन्त्रका प्रवृत्तिलाई मध्यनजर गर्दै राजस्व नीति तथा मुल्य स्थायीत्वको लक्ष्यहरूसँग समन्वय आवश्यक छ। मूल्य स्थिरता र रोजगार सृजना दुवै महत्त्वपूर्ण हुने भएकोले फिस्कल र मौद्रिक नीतिले दुवैलाई सह–संयोजनमा अगाडि बढाउन आवश्यक छ। उदाहरणका लागि डिजिटल व्यवसाय र निर्यातमा आधारित उद्योगमा लक्षित कर निर्धारण गरी निजी लगानी आकर्षण गरी राष्ट्रिय अर्थतन्त्रलाई दिगो बनाउँछ र मौद्रिक नीतिको उद्देश्यलाई समेत सहयोग गर्दछ।

१०. अन्तरक्रिया र छलफलका मूख्य विषय

डिजिटल अर्थतन्त्रका लागि आधारभूत पूर्वाधार बढाउने कार्य सुरुवात भएमा (डाटा सेन्टर, ICT पार्क, ICT Mall परियोजना) सरकारी—निजी क्षेत्रका सेवाहरूलाई एउटै डिजिटल प्लेटफर्ममा जोड्ने पहल गर्नुपर्ने सुझाव प्राप्त भएको छ। वैदेशिक निकायहरूसँग सहकार्य गरी जनशक्ति—सिप विकास (AI, ब्लकचेन आदि) गर्नु आजको आवश्यकता हो । यस अन्तरक्रिया तथा छलफलमा सरकारी प्रणाली र कानुनहरूलाई एकीकृत बनाउँदै FDI प्रवाहका लागि अनुकूल वातावरण सिर्जना गर्नुपर्ने धारण व्यक्त भयो। साथै यस छलफलमा नेपाल—भारत विनिमय दरको सन्दर्भमा समिक्षा र अध्ययन गर्नुपर्ने माग उठेको छ ।

नेपाल राष्ट्र बैंक र अन्य नियामकहरूले प्रस्तुत गरेका रणनीतिहरूले अर्थ मन्त्रालयलाई लेखाजोखा गर्न सहयोग पुग्छ । आधुनिक मोनेटरी फ्रेमवर्कमा रूपान्तरण, CBDC परीक्षण र नियमन तथा फिनटेक प्रविधिहरूको प्रयोग सबै एकैसाथ अघि बढाउन ध्यान दिन सकिने देखिन्छ।

११. निष्कर्ष

डिजिटल अर्थतन्त्र र वित्तीय नवप्रवर्तनले नेपालको मौद्रिक प्रणालीमा नवीन पारदर्शिता र दक्षता ल्याउने अवसर प्रस्तुत गरेको छ। तथापि यसको व्यवस्थापनका लागि द्रुत गतिका नीतिगत सुधार आवश्यक छ। अर्थ मन्त्रालयले डिजिटल पूर्वाधारमा लगानी, कानुनी संरचनाको परिमार्जन र वित्तीय समावेशीकरणमा जोड दिएर काम अघि बढाउनु पर्नेछ ।

छलफलका क्रममा प्राप्त सुझाव अनुसार देहाय बमोजिम कदमहरू आवश्यक रहेका छन्।

- **CBDC र क्रिप्टोकरेन्सीको नियमनः** नेपाल राष्ट्र बैंकमार्फत डिजिटल मुद्राका लागि कानूनी संरचना तय गरी मुद्रा स्थायित्व र प्रामाणिकता सुनिश्चित गर्ने।
- **साइबर सुरक्षा र डाटा संरचनाः** वित्तीय प्रणाली मजबूत बनाउन अत्याधुनिक सुरक्षा उपकरण र केन्द्रीकृत डाटाबेस विकास गर्न लगानी बढाउने।
- **डिजिटल भुक्तानी र पहुँचः** मोबाइल वालेट, एआई र बिग डाटाको प्रयोग गरी भुक्तानी प्रणालीलाई छरितो, सस्तो र पारदर्शी बनाउने। यसले खासगरी ग्रामीण क्षेत्रसम्म वित्तीय सेवाहरू पुऱ्याउन र राजस्व संकलन स्वचालित बनाउन सहयोग गर्नेछ।

- **वित्तीय विधि र समावेशीकरणः** बैंकिङ व्यवहार डिजिटल गर्न नियम तथा संरचनामा सुधार गर्दै वित्तीय पहुँचका लागि सशक्त शिक्षा तथा प्रोत्साहन कार्यक्रम अगाडि बढाउनु पर्नेछ। यसबाट अनौपचारिक अर्थतन्त्र घट्ने तथा औपचारिक कारोबार विस्तार हुने अपेक्षा गरिएको छ।

अर्थ मन्त्रालयले माथि उल्लेखित कदमहरूलाई बजेट र नीति योजनामा प्राथमिकताअनुसार समावेश गरेर डिजिटल अर्थतन्त्रसँग सन्तुलित आर्थिक प्रणाली स्थापित गर्नु पर्नेछ। डिजिटल सेवामुखी उद्योग र स्टार्टअपलाई लक्षित प्रोत्साहन दिएर आर्थिक विविधीकरण र रोजगारी सृजना गर्ने दिशामा जोड दिनु आवश्यक छ। समग्रमा डिजिटल अर्थतन्त्र र वित्तीय नवप्रवर्तनले ल्याएका लाभ तथा जोखिमलाई मध्यनजर गरी मौद्रिक नीतिहरूलाई आत्मसाथ गर्ने र दीर्घकालीन समृद्धि सुनिश्चित गर्नु आजको आवश्यकता हो।